प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी,बारा
मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ८ संख्याः ४ मिति :२०८२/०९/३०

भाग २
प्रसौनी गाउँपालिका, मधेश प्रदेश, नेपाल

## श्रम रोजगार बैंक संचालन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०९/३०**

**प्रमाणिकरण मिति : २०८२/०९/३०**

प्रसौनी गाउँपालिकाबाट बेरोजगारहरु कामका लागि भारत लगायत विदेश जानुपर्ने घरमै बसे पनि अर्ध बेरोजगार हुनुपर्ने, अशक्त, महिला घरमुली भएको घरपरिवार एकल महिला लगायतले विहान र बेलुकाको छाक टार्न पनि धौ-धौ हुने गरेको परिदृष्य एवंम आधुनिक कृषि यन्त्रको आविष्कारले कृषि क्षेत्रमा पनि बेरोजगारी बढदै गएको मध्यनजर गर्दै गाउँपालिका क्षेत्र भित्रका यस्ता बेरोजगार व्यक्तिहरुका लागि मिति २०८२/०९/३० गते बसेको गाउँ सभाको निर्णयानुसार रोजगारी सिर्जना गर्ने तथा विभिन्न तालिम प्रदान गरि स्वरोजगार बनाउने, उद्यमशील बनाउन र प्रसौनी गाउँपालिकालाई श्रममुलक उपायबाट पनि द्रुत विकासको बाटोमा अगाडी बढाउन १८ वर्ष उमेर पुरा भई ५९ वर्ष उमेर ननाघेका व्यक्तिहरुलाई स्थानीय उद्योग, कलकारखाना, व्यवसायी, उद्योग वाणिज्य संघ संग समन्वय गरी गाउँपालिका स्तरमा श्रम रोजगार बैक स्थापना गरी श्रम मार्फत गाउँपालिकाको समृद्धिको आधार सहित सामाजिक विकासका हरेक क्षेत्रहरुमा यूवा युवतीहरुलाई परिचालन गर्न वाञ्छनिय भएकोले नेपाल सरकार, रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ८ र गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ३ मा व्यवस्था भएबमोजिम यस गाउँपालिकाको श्रम रोजगार बैक (सञ्चालन तथा व्यवस्थित गर्ने) सम्बन्धी कार्यविधि,२०८२ बनाई लागु गरेको छु ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**(१) यस कार्यविधिको नाम "प्रसौनी गाउँपालिकाको श्रम रोजगार बैक(सञ्चालन तथा व्यवस्थापन गर्ने) कार्यविधि,२०८२" रहेको छ ।

(२) यो कार्यविधि अध्यक्षबाट प्रमाणिकरण हुने बितिकै तुरुन्त लागु हुनेछ ।

**२. परिभाषः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "श्रम रोजगार बैंक" भन्नाले प्रसौनी गाउँपालिकामा स्थापना भएको रोजगार श्रम बैंकलाई जनाउने छ । यसलाई छोटकरीमा रोजगार बैंक र अंग्रेजिमा Employment Bank (EB) भनिनेछ ।

(२) "सदस्य भन्नाले" प्रसौनी गाउँपालिकामा स्थायि बसोबास गर्ने १८ वर्ष देखि ५९ वर्षसम्मका बेरोजगार व्यक्तिहरुको परिचालानार्थ स्थापना गरेको श्रम रोजगार बैंकका सदस्यहरुलाई सम्भनुपर्छ । यस शव्दले श्रम रोजगार बैंकका आयोजना संयोजक समेतलाई बुझाउने छ ।

(३) "आयोजना संयोजक" प्रसौनी गाउँपालिकामा स्थापना भएको श्रम रोजगार बैंकका सदस्यहरुले कामगर्ने आयोजनाको संयोजकलाई जनाउनेछ ।

(४) "गाउँपालिका भन्नाले" प्रसौनी गाउँपालिकालाई सम्भनु पर्नेछ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले" प्रसौनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भनुपर्नेछ ।

(६) "कार्यपालिका भन्नाले" प्रसौनी गाउँ कार्यपालिकालाई सम्भनुपर्नेछ ।

(७) "गाउँसभा भन्नाले"प्रसौनी गाउँपालिकाको गाउँसभालाई सम्भनुपर्नेछ ।

(८) "अध्यक्ष भन्नाले" प्रसौनी गाउँपालिकाको अध्यक्षलाई सम्भनुपर्छ । (९) "उपाध्यक्ष भन्नाले" प्रसौनी गाउँपालिकाको उपाध्यक्षलाई सम्भनुपर्छ ।

(१०)"न्यायिक समिति" भन्नाले प्रसौनी गाउँपालिकाको न्यायिक समितिलाई सम्भनुपर्छ ।

(११)"विकास आयोजना" भन्नाले प्रसौनी गाउँपालिकाले सञ्चालन गर्ने सालबसाली सार्वजनिक विकास आयोजना तथा श्रम रोजगार बैंकका सदस्यले काम गर्ने आयोजनालाई सम्भनुपर्छ ।

(१२)"व्यवस्थापक" भन्नाले श्रम रोजगार बैंकको व्यस्थापकलाई सम्भनुपर्छ ।

(१३)"मुख्य व्यवस्थापक" भन्नाले श्रम रोजगार बैंकको मुख्य व्यवस्थापकलाई सम्भनुपर्छ ।

(१४)"ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्भनु पर्छ

(१५)"स्थानीय निर्देशक समिति" भन्नाले रोजगारीको हक सम्बन्धि नियमावली २०७५ को नियम १४ बमोजिमको स्थानीय निर्देशक समिति सम्भनु पर्छ ।

(१६)"रोजगार सेवा केन्द्र" भन्नाले बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न रोजगारीको हक सम्बन्धि ऐन,२०७५ को दफा १० बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्रसम्भनु पर्छ ।

(१७)"रोजगार संयोजक"भन्नाले रोजगारीको हक सम्बन्धि नियमावली २०७५ को नियम ५ को उपनियम (१) बमोजिमको रोजगार संयोजक सम्भन पर्छ ।

## परिच्छेद-२
## श्रम रोजगार बैक स्थापनाः

**३. श्रम रोजगार बैंक स्थापनाः** (१) गाउँपालिकामा गाउँ कार्यपालिकाले तोकिएको संख्यामा १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका व्यक्तिहरु सदस्य रहेने गरी श्रम रोजगार बैंक स्थापना गरिनेछ। श्रम रोजगार बैकको सदस्य बन्नको लागि वडा कार्यालयले टोल तथा बस्तीमा सूचना जारी गर्नुपर्नेछ। **उक्त सूचना वमोजिम अनुसूची १ को ढाँचा अनुसार योग्य उम्मेदवारले प्रत्येक महिनाको १ गते देखि २५ गते सम्म गाउँपालिकाको कार्यालयमा निवेदन दिई फारम भर्नुपर्नेछ**। यसमा छनौट गर्दा महिलालाई विशेष प्राथमिकता दिइ समाबेश गर्नु पर्नेछ। **सबै वडाबाट आएको बेरोजगार व्यक्तिहरुको फारम मध्येबाट मापदण्डको आधारमा छनौट गरि स्थानिय निर्देशक समितिले अन्तिम छनौट गर्नेछ।**

(२) उपदफा (१) बमोजिम स्थापना भएको श्रम रोजगार बैंकमा सबै खाले बेरोजगार व्यक्तिहरुको सबै वडाबाट प्रतिनिधित्व हुनेगरी सदस्य छनौट हुनेछन्।

(३) उपदफा (२) बमोजिमका श्रम रोजगार बैंकका सदस्यहरुले गाउँपालिकाको विकास आयोजनाहरुमा श्रम सेवा प्रदान गर्नेछन्। यसका साथै गाउँपालिकलाई आवश्यक परेका बखत सबै श्रम रोजगार बैंकका सदस्यहरुले आवश्यकीय निःशुल्क/सःशुल्क सुरक्षा सेवा, दैविक प्रकोप तथा विपद् व्यवस्थापन, सरसफाई लगायत अन्य श्रम सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रम रोजगार बैंकको सदस्य छनौटको निर्णय तथा व्यवस्थापनका लागि स्थानिय निर्देशक समितिले काम गर्नेछ। मुख्य व्यवस्थापक र व्यवस्थापक रुपमा गाउँपालिका स्थानिय निर्देशक समितिले रोजगार सेवा केन्द्र कर्मचारीलाई तोक्ने वा करार सम्झौता गरी नियुक्त गर्न सक्नेछ।

(५) श्रम रोजगार बैंकमा आयोजनाको आधारमा सदस्यहरु रहनेछन्। र सदस्यहरु मध्येबाट नै एक जना आयोजना संयोजक हुनेछ। गाउँपालिका भरको काम हेर्नका लागि मुख्य व्यवस्थापकको रुपमा गाउँपालिका स्तरको रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायक वा रोजगार सहायकलाई तोकिनेछ। आयोजना संयोजकले प्रत्येक दिनको सबै श्रम सदस्यहरुको हाँजिरी राख्ने, कामको गतिविधिबारे व्यवस्थापकलाई दैनिक जानकारी गराउने हुनेछ भने व्यवस्थापक र मुख्य व्यवस्थापकले आवश्यकीय प्राविधिक काम गर्ने वा प्राविधिक जनशक्ति परिचालन गर्नुपर्नेछ।

(६) श्रम रोजगार बैंकका मुख्य व्यवस्थापक, व्यवस्थापक र आयोजना संयोजकले गाउँपालिका अध्यक्ष समक्ष र सदस्यले श्रम रोजगार बैंकका व्यवस्थापक प्रति उत्तरदायी हुनुपर्नेछ।

७) श्रम रोजगार बैंकका सम्पुर्ण सदस्यहरु सधैब परिक्षणकालमा रहनेछन्। आयोजनामा संलग्न रहेका श्रम सदस्यहरुले आफ्नो काम प्रतिको दायित्व वहन नगरेमा, मदिरा सेवन गरेमा, सामाजिक विकृतिमा संलग्न भएमा र गाउँपालिकाको हित विपरितका कार्य गरेमा, समुदायको शान्ति सुरक्षामा खलल् पुऱ्याएको खण्डमा स्थानीय निर्देशक समितिको निर्णयबाट स्वतः जिम्मेबारीबाट अलग गरिनेछ।

**४. श्रम सदस्य हुन आवश्यक पर्ने योग्यता** १) दफा (३) बमोजिमको श्रम रोजगार बैंकका लागि दफा(७) को समितिले सदस्य छनौटगर्दा सामान्य लेखपढ गर्न सक्ने देखि उच्च शिक्षा हाँसिल गरेका शारिरीक श्रम गर्न योग्य,विविध सीप र क्षमता भएका,शारिरीक रुपमा तन्दुरुस्त,श्रम प्रति सम्मान गर्न सक्ने,महिला, दलित,जनजाति,क्षेत्र,लिंग र सकेसम्म सरकारी रोजगारीको अवसर नपाएका घरपरिवारका सदस्य तथा आर्थिक रुपमा पिछडिएका परिवारका सदस्यहरुमध्येबाट बेरोजगार छनौटगर्नुपर्नेछ। श्रम सदस्यको अन्य योग्यता दफा (७) बमोजिमको समितिले तोके बमोजिम हुनेछ। आयोजनाहरुको व्यवस्थापन तथा टिमको व्यवस्थापनमा श्रमबैंक सदस्यहरुबाट नै आयोजना संयोजक तोकिनेछ।

मुख्य व्यवस्थापक कम्तीमा १२ कक्षा उतिर्ण गरेको र व्यवस्थापक एस एल सी वा सो सरह उत्तिर्ण भएको र कार्यालय सञ्चालन सम्बन्धी ज्ञान भएको हुनुपर्नेछ ।

**५. स्थानीय निर्देशक समितिको काम कर्तव्य र अधिकार :** (१) स्थानिय निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) रोजगार सेवाकेन्द्रको व्यवस्थापन तथा परिचालन गर्ने ।

(ख) श्रम रोजगार बैंक लगायत रोजगारी सम्बन्धि भएका निर्णयहरु कार्यपालिकाम लैजाने ।

(ग) बाँझो जमिन भाडामा लिई कृषि कार्यमा श्रम रोजगार वैंकका सदस्यलाई परिचालन गर्ने सम्बन्धि कार्ययोजना बनाउने ।

(घ) श्रम रोजगार बैंकका सदस्यको कामको नियमित अनुगमन गरी पृष्ठपोषण दिने ।

(ङ) श्रम रोजगार बैंकको कामको नियमित रुपमा गाउँपालिका अध्यक्ष तथा गाउँपालिकामा अनुसूची ३ मा तोकिए वमोजिमको प्रतिवेदन बुझाउने

(च) श्रम रोजगार बैंकका सदस्यहरुलाई परिचालन गर्ने ।

(छ) श्रम रोजगार बैंकका सदस्यहरुलाई गाउँपालिकाप्रति जिम्मेबार बनाउन उत्प्रेरित गराउने ।

(ज) गाउँ कार्यपालिका तथा गाउँपालिकाका अध्यक्षको आदेशानुसार अन्य कामहरु गर्ने ।

(झ) मुख्य व्यवस्थापक रव्यवस्थापकलाई निर्देशन गर्ने ।

(ञ) स्थानिय निर्देशक समितिको वैठक अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

(ट) मुख्य व्यवस्था पक, व्यवस्थापक छनौट, सदस्यहरुको छनौट लगायतका काम गर्ने ।

(ठ) स्थानीय उद्योग, कलकरखाना, फर्ममा रोजगारीको सृजनाको अवसरहरु पहिचान गर्ने ।

**६. मुख्य व्यवस्थापकको काम, कर्तव्य र अधिकार :** (१) श्रम रोजगार बैंकका मुख्य व्यवस्थापकको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछः

(क) श्रम रोजगार बैंकको प्रमुखको रुपमा काम गर्ने ।

(ख) श्रम रोजगार बैंकको योजना र कार्ययोजना बनाउन स्थानीय निर्देशक समितिको सदस्य सचिव/रोजगार संयोजकलाई सहयोग गर्ने ।

(ग) श्रम रोजगार बैंकको दैनिक कार्य सञ्चालन गर्ने ।

(घ) श्रम रोजगार बैंकका सम्पुर्ण सदस्यहरुको व्यक्तिगत अभिलेख राख्ने ।

(ङ) श्रम रोजगार बैंकका प्रत्येक समूहहरुको कामको अभिलेख राख्ने ।

(च) श्रम रोजगार बैंकको समूहगत हित कोषको यथार्थ अभिलेख राख्ने ।

(छ) श्रम रोजगार बैंकका सदस्यको ज्याला भुक्तानीको लागि सहयोग गर्ने

(ज) रोजगार संयोजकको आदेशानुसार अन्य काम गर्ने ।

(झ) वेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा अध्यावधिकमा वडा कार्यालयलाई सहयोग गर्ने ।

**७. श्रम रोजगार बैंकलाई सार्वजनिक निर्माणका कार्य छनौट गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकता दिई कार्यसञ्चालन गर्नुपर्ने छः** (१) गाउँपालिकाले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम व्यवस्था भएका सालवसाली विकास आयोजनाहरु कार्यान्वयन गर्नको लागि उपभोक्ता समिति र ठेक्कामा काम दिए जस्तै पहिलो प्राथामिकतामा राखि देहायका सार्वजनिक निर्माणका कामहरु गाउँपालिकाले श्रम रोजगार बैंक मार्फत गराउनु पर्नेछ ।

**(क) सडक निर्माण तथा मर्मत :**

✓ स्थानीय तहका सडकहरुको निर्माण तथा नियमित मर्मत सम्भार

- ✓ स्थानीय तह भित्रका बस्ती, स्वास्थ्यचौकी, विद्यालय, आर्थिक केन्द्र, हाटबजार, धार्मिक सांस्कृतिक तथा पर्यटकीय स्थल जोडने सडक निमार्ण तथा मर्मत संम्भार
- ✓ संघीय तथा प्रादेशिक सडकबाट गाउँ तथा वडा जोड्ने सडक निर्माण तथा मर्मत संम्भार

**(ख) कृषि तथा सिचाई :**

- ✓ सिचाईका लागिसाना सिंचाई कुलो/पोखरी निर्माण तथा हाल सञ्चालनमा रहेका कुलो, पोखरी मर्मत संभार तथा स्तरोन्नती ।
- ✓ पोखरी तथा पानीको मुल संरक्षण
- ✓ सामुहिक फलफुल खेती
- ✓ सार्वजनिक स्थलमा फलफूल बगैंचा निर्माण ।
- ✓ कृषि तथा पशुपंक्षी उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने शित भण्डार, हाटबजार, तरकारी संकलन केन्द्रको निमार्ण तथा मर्मत संम्भार
- ✓ रोजगार बैंकका सदस्यहरुलाई कृषि क्षेत्रको रेखदेख तथा बगैचा हेरालुको रुपमा राखि उक्त क्षेत्रको संरक्षण गर्ने ।
- ✓ कृषि योग्य जमिन भाँडामा लिएर उत्पादनमुलक काम नगदेवालि, खाद्यवाली, दुग्ध उत्पादन लगायतका काम गर्ने र उत्पादित बस्तुको विक्रि वितरण गरि खर्च कटाई आम्दानी सबै गा.पाकाको राजश्वमा जम्मा गर्ने ।
- ✓ रोजगार बैंकका सदस्यहरुको परिचालनबाट कृषि जन्य विउ तथा विरुवाहरुक उत्पादन गर्ने ।
- ✓ कृषि क्षेत्रमा प्रयोग गरिने मल,विउ, औजारको ढुवानी श्रम रोजगार वैंकक सदस्यबाट गर्ने गराउने ।

**(ग) ग्रामीण खानेपानी :**

- ✓ खानेपानीको मुल संरक्षण तथा खानेपानी आयोजनाहरुको निर्माण, विस्तार तथा मर्मतसंम्भार तथा स्तरोन्नती

**(घ) स्वास्थ्य तथा सरसफाई :**

- ✓ स्वास्थ्य चौकी तथा प्रसुतीगृह भवन निर्माण तथा मर्मत संम्भार ।
- ✓ सार्वजनिक शौचालय निर्माण तथा स्तरोन्नती ।
- ✓ फोहर ब्यबस्थापन तथा सार्वजनिक स्थलहरुको सरसफाई ।

**(ङ) शिक्षा :**

- ✓ विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय, खेलमैदान, बगैचा आदी पुर्वाधार निर्माण तथा मर्मत संभार ।

**(च) वन तथा जलाधार :**

- ✓ सामुदायीक वनका लागि नर्सरी स्थापना, वृक्षारोपण तथा फलफुल विरुवा रोपण तथा संरक्षण
- ✓ जलाधार संरक्षण तथा भुक्षय रोकथाम
- ✓ पहिरो तथा नदी नियन्त्रण
- ✓ तटबन्धन तथा नदि नियन्त्रण र साना बांध निर्माण
- ✓ सडक दायाँवायाँ वृक्षारोपण गरी हरित सडक निर्माण

**(छ) पर्यटन :**

- ✓ पदमार्ग निर्माण तथा मर्मत सम्भार

- ✓ पदमार्ग तथा पर्यटकिय क्षेत्रमा हुने चौतारो निर्माण
- ✓ पर्यटकीय स्थलको मर्मत संभार तथा संरक्षण
- ✓ धार्मिक क्षेत्रको वरिपरि फूलबारी तथा घेरवार गरि संरक्षण गर्ने

(ज) स्थानीय आवश्यता अनुसारका अन्य श्रम मुलक आयोजनाहरुको निर्माण कार्यहरुमा सहयोग गर्ने ।

२) दफा (१) बमोजिम श्रम रोजगार बैंकलाई गाउँपालिकाले सार्वजनिक निर्माणका कामहरु जिम्मा दिने र परिचालन गर्ने स्थानीय निर्देशक समितिले गर्नेछ ।

३) उपदफा (२) बमोजिमको समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

४) उपदफा (२) बमोजिमको समितिले श्रम रोजगार बैकलाई सार्वजनिक निर्माणका कामहरु जिम्मा दिने निर्णय गरे बमोजिम र गाउँपालिकाले योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तर तोकेर श्रम रोजगार बैकसंग पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाले अनुसूची ५ वमोजिम सम्झौता गर्नेछ ।

५) उपदफा (२) को समितिले हरेक आर्थिक वर्ष सुरु भएको पहिलो महिनाभित्र श्रम बैंकको मुख्य व्यवस्थापकलाई बार्षिक कार्ययोजना दिनुपर्नेछ ।

**६. निजी क्षेत्र :**

क) निजी क्षेत्रको भौतिक संरचना निर्माण गर्नु परेमा सम्बन्धितले निर्देशक समितिमा आवेदन दिन पाउने र निश्चित रकम लिई श्रम रोजगार बैंकका सदस्यहरुलाई परिचालन गर्न सकिनेछ ।

ख) निजी क्षेत्रबाट भईरहेका उत्पादनमुखी काममा समेत उपदफा (क) अनुसार हुनेछ ।

**७.** आवश्यकताका आधारमा स्थानिय सरकार तथा गाउँपालिकाको अधिनमा रहि पुर्वाधार विकास गरि लघुवितीय कार्यक्रम तथा बाझो जमिन भाडामा लिई कृषि उत्पादन मा विशेष कार्यक्रमको संचालन गर्ने

**८. श्रम रोजगार बैक सदस्यले काम गरे वापत पाउने दैनिक ज्याला** : (१) श्रम सदस्यहरुले गाउँपालिकाको विकास योजनामा काम गरेवापत काम गरेको दिनको श्रम रोजगार बैंकको प्राविधिक र गाउँपालिकाको सम्बन्धीत योजना हेर्ने प्राविधिकले गरेको कामको मूल्यांकनको आधारमा स्वीकृत जिल्ला दररेट अनुसार वा राष्ट्रिय स्तरको न्युनतम दररेटका आधारमा दैनिक ज्याला सदस्यहरुलाई प्रदान गरिनेछ ।

(२) श्रम रोजगार बैंकका मुख्य व्यवस्थापकले गाउँपालिका पाचौं तह सरह र व्यवस्थापकले गाउँपालिकाको सहायक स्तर चौथो तह कर्मचारीको सुरु तलव स्केल सरह न्यूनतम परिश्रमिक पाउने छन् । व्यवस्थापक र मुख्य व्यावस्थापकको पारिश्रमिक गाउँपालिकाले विनियोजन गरेको बजेटबाट भुक्तानी गर्नुपर्नेछ ।

(३) श्रम बैंकका सदस्यलाई डोरहाजिरको आधारमा मासिक भुक्तानी गर्ने र सोके इष्टमेट र प्रतिवेदन व्यवस्थापक वा गा.पा.का प्राविधिकबाट मुख्य व्यवस्थापकले गर्ने । गाउँपालिकाको प्राविधिकले कामको मूल्यांकन गर्नुपर्नेछ ।

(३) उपदफा(१) बमोजिम ज्याला बापतको रकम र उपदफा(२) बमोजिमको पारिश्रमिक रकम गाउँपालिकाले प्रत्येक श्रम रोजगार बैंक सदस्यहरुको बैंक खातामा जम्मा गरिनेछ ।

**९. अनुगमन तथा सुपरिवेक्षण समितिः** (१) श्रम रोजगार बैंकबाट भएको गाउँपालिकाके सार्वजनिक योजनाको लागत परिमाण समय सिमा र गुणस्तरीयताको आधारम अनुगमन गरी पृष्ठपोषण दिनको लागि निम्नानुसारको अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ । यस समितिले निरन्तर रुपमा श्रम रोजगार बैंकका सदस्यहरुबाट भएको काम अनुगमन मूल्यांकन हुनेछः

(क) उपाध्यक्ष -संयोजक

(ख) अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरु मध्येहरुबाट दुई जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) प्रमुख, पूर्वाधार विकास तथा बातावरण व्यवस्थापन शाखा -सदस्य

(ङ) रोजगार संयोजक -सदस्य सचिव

**१०. श्रम रोजगार बैंक मार्फत सञ्चालन हुने क्रियाकलापहरु तथा आयोजना छनौटका तौर तरिका :**

(क) सार्वजनिक निर्माणका कामहरु गर्ने ।

(ख) गाउँपालिका तहका ५,००,०००।- भन्दा तलका आयोजनाहरुमा सिधै गाउँपालिका तथा वडा तहबाट श्रम रोजगार बैंकको व्यक्तिहरु परिचालन गर्ने । अन्य क्षेत्र नीजि तथा सार्वजनिक क्षेत्रमा आवश्यक कामदार श्रमिकहरुपनि श्रम रोजगार वैंकबाट नै परिचालन गर्ने।

(ग) राष्ट्रिय रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमहरुमा रोजगार श्रम बैंकका सदस्यहरुलाई समेत परिचालन गर्ने ।

(घ) श्रम बैंकका लागि वेरोजगर व्यक्तिहरुको छनौट गर्ने र व्यवस्थित रुपमा यस गाउँपालिकाको रोजगार सेवाकेन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरु तथा संचालित इमिसमा इन्ट्रि भएका व्यक्तिहरुलाई नै परिचालन गर्ने र त्यसको हार्डकपि फारम पनि राख्ने ।

ङ) तालिम सम्बन्धि क्रियाकलाप सञ्चालन गर्दा हाउस वइरिंग, ड्राइभिंग/अपरेटर दिवाल लगाउने फर्निचर, बैदेशिक भाषा, कम्प्युटर सम्बन्धी तालिम, सिप विकास तालिम, उद्यमशीलता सम्बन्धी तालिम, लोकसेवा तयारी कक्षा इत्यादी लगायतका क्षेत्रको सञ्चालन गरिने ।

**ज) यस प्रसौनी गाउँपालिका भित्र रहेका रोजगारदाताहरु (उद्योग, कलकरखाना, सहकारी)को पहिचान गर्ने, प्रोफाइल तयार गर्ने र रोजगारदाताबाट माग भए बमोजिम बेरोजगार सूचिमा सुचिकृत श्रमिकहरुको योग्यता र क्षमता अनुसारको रोजगारी प्रदान गर्ने ।**

## परिच्छेद-३
## अन्य व्यवस्था

**११. प्रशासनीक खर्च दिन सक्नेः** (१) गाउँपालिकाले श्रम रोजगार बैंकको व्यवस्थापक र मुख्य व्यवस्थापकको पारिश्रमिक र थप भत्ता एवम रोजगार सेवाकेन्द्र मार्फत श्रम रोजगारबैंकको दैनिक कार्य सञ्चालन, प्रशासनीक कार्य सञ्चालनका लागि आवश्यकता अनुसार प्रशासनीक खर्च, औजार, उपकरण र लजिस्टीक सामान, सञ्चार सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम लजिस्टीक सामान तथा औजार उपकरण खरिद गर्दा सार्वजनिक खरिद नियमलाई पालना गर्नु पर्नेछ ।

**१२. श्रम ज्याला भुक्तानी प्रक्रिया :** (१) श्रम रोजगार बैंकमा सहभागी श्रमिकहरुको ज्याला आयोजनाको प्राविधिक प्रतिवेदन (काम गर्नुपूर्वको अवस्थाको फोटो तथा कार्य सम्पन्न पश्चातको फोटो सहितको) को आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारिसको वा गा.पा. अध्यक्षको सिफारिस तथा प्राविधिले डोर हाजीरी प्रामाणीत गरेको आधारमा उपभोक्ता समिति भएको खण्डमा समितिको नाममा वा व्यक्तिगत बैंक खातामा भुक्तानी दिनुपर्नेछ ।

**१३. कमाण्डमा रहनु पर्नेः** (१) श्रम रोजगार बैंकका प्रत्येक सदस्य आफ्नो समुहक आयोजना संयोजक र व्यवस्थापकको कमाण्डमा रहनु पर्ने छ। सबै सदस्यहरु बैंकका व्यवस्थापकको व्यवस्थापक,मुख्य व्यवस्थापकको र मुख्य व्यवस्थापक स्थानिय निर्देशक समितिको कमाण्डा रहनु पर्ने छ र स्थानिय निर्देशक समिति कार्यपालिकाको कमाण्डमा रहेर काम गर्नु पर्नेछ ।

**१४. उच्च मनोबलका साथ काम गर्नु पर्ने:** गाउँपालिकाको तोकिएका सार्वजनिक विकास निर्माण तथा उत्पादनमुखि काम र सुरक्षा व्यवस्थाका लागि श्रम रोजगार बैंकका प्रत्येक सदस्यले उच्च मनोवलका साथ नि:स्वार्थ भावनाले काम गर्नु पर्नेछ ।

**१५. जिम्मेबारीबाट हटाउन सक्ने:** (१) रोजगार बैंकका व्यवस्थापक, मुख्य व्यवस्थापक तथा अन्य सदस्यहरुले आफ्नो पदीय दायित्व बहन नगरेमा, मदिरा सेवन गरेमा सामाजिक विकृतिमा संलग्न भएमा र गाउँपालिकाको हित बिपरित कार्य गरेमा स्थानिय निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले कुनै पनि समयमा बैंक सदस्यबाट निलम्बन गरी जिम्मेबारीबाट हटाउने छ ।

(२) उपदफा (१) बमोजिम श्रम रोजगार बैंकको मुख्य व्यवस्थापक वा व्यवस्थापक वा सदस्यलाई पदबाट हटाउनु अघि सफाइ र स्पष्टीकरणको मौका दिइनेछ ।

(३) उपदफा(२) बमोजिम दिएको स्पष्टीकरण चित बुझ्दो नभएमा निजलाई पदबाट हटाईनेछ ।

(४) श्रम रोजगार बैंकका सदस्यलाई फौजदारी अभियोग लागेमा स्वत जिम्मेबारीबाट हटाइनेछ ।

**१६. विवादको समाधान:** श्रम रोजगार बैंकका सदस्यहरु बीच विवाद उत्पन्न भएमा सामान्यतया रोजगार बैंकको आयोजना संयोजक र मुख्य व्यवस्थापक, व्यवस्थापक एवंम सदस्य स्वयमले विवाद समाधान गर्नुपर्ने छ र विवादको समाधान हुन नसकेको अवस्थामा न्यायिक समितिले निर्णय लिनेछ ।

**१७. अनिवार्य अवकास :** श्रम रोजगार बैंकका मुख्य व्यवस्थापक, व्यवस्थापक र सदस्यहरुको सेवा अवधिको उमेर हद १८ वर्ष देखि ६० वर्ष कायम रहनेछ ।

**१८. अन्यत्र काममा खटाउन सक्ने:** आवश्यकता अनुसार स्थानिय निर्देशक समितिको निर्णयको आधारमा श्रम रोजगार बैंकका सदस्यहरुको गाउँपालिका क्षेत्रभित्र वा गाउँपालिका क्षेत्र बाहिर गाउँपालिकाको सार्वजनिक काम बाहेक अन्य प्रस्तावना अब्बाहानको आधारमा भएको छनौटलाई आधार मानि काममा सम्वन्धीत पक्षसंग काम र ज्यालाका सम्बन्धमा लिखित सम्झौता गरी श्रम गर्न खटाउनेछ ।

(२) उपदफा (२) १ अनुसार श्रम गर्न खटिएको श्रम रोजगार बैंक समूहका सदस्यहरुले यस कार्यविधि बमोजिम ज्याला सम्बन्धीत पक्षबाट १०० प्रतिशत वा ५० प्रतिशत सम्झौता बमोजिम उपलब्ध हुनेछ ।

**१९. मूल्यांकन तथा परिक्षण:** आवश्यकता अनुसार श्रम रोजगार बैकका सदस्यहरुको कामको मूल्यांकन र परिक्षण निरन्तर रुपमा हुनेछ । मूल्याकन तथा परिक्षण गर्दा चित्त बुझ्दो काम गरेको नपाइएमा वा कामको मुल्यांकन गर्दा प्राविधिक मुल्यांकन अनुसार काम नदेखिएमा मुल्यांकन अनुसारको रकम मात्र भुक्तानी हुनेछ । सुधारको लागि सुझाव दिने अर्को पटकको मूल्यांकन तथा परिक्षणमा सुधार भएको नपाइमा बेरोजगार लिष्टबाट नराख्ने गरि कामबाट हटाइनेछ ।

**२०. आन्तरिक परिचालन सम्बन्धी व्यवस्था:** आन्तरिक परिचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. तेस्रो पक्षको संलग्नतामा बन्देज:** श्रम रोजगार बैंक मार्फत सञ्चालन हुने कार्यक्रममा संलग्न हुने व्यक्ति बाहेक अन्य कुनै पनि तेस्रो पक्ष सहभागी भई काम लगाउन पाईने छैन ।

**२२. बाधा अडकाउ फुकाउ:** श्रम रोजगार बैक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा बाधा अडकाउ पर्न गएमा गाउँ कार्यपालिकाले बाधा अडकाउ फुकाउका लागि आदेश जारी गर्न सक्नेछ ।

**प्रसौनी गाउँपालिका**
श्रम रोजगार बैंक
प्रसौनी, बारा

**<u>सदस्यता आवेदन फाराम</u>**

मिति:………………

श्रीमान अध्यक्ष ज्यू
प्रसौनी गाउँपालिका, प्रसौनी , बारा ।

**बिषयः आवेदन गरिएको बारे ।**

महोदय,
प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिकामा स्थापना भई सञ्चालन हुन लागेको श्रम रोजगार बैंकको सम्पुर्ण मूल्य मान्यता तथा नीति नियम र प्रचलित कानुनको अधिनमा रहन मञ्जुर भई यस श्रम रोजगार बैंकको सदस्यता प्रदान गर्न तथा यस बैंकद्धार सञ्चालन गरिने सम्पुर्ण कार्यहरुमा सक्रिय सहभागी भई कार्य गर्ने अवसर प्रदान गरिदिनुहुन यो आवेदन पेश गर्दछु। साथै मेरो विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छः

तपसिल

१.आवेदकको नाम ……………………………………… थर…………………… जन्म मिति……………… नागरिता नं……………………जारी मिति……………. ठेगानाः प्रसौनी गाउँपालिका वडा नं……. शैक्षिक योग्यताः…………………… मोवाइल नं…………………………………………………………………… बाबुको नाम थर……………………………. आमाको नाम थर…………………. पतीको नाम थर,……………………… पत्निको नाम थर……………………… बज्यैको नाम थर,……………………… मासिक आम्दानी अंकमा रु……………. अक्षरमा रु………………………………………बार्षिक आम्दानी अंकमा रु…………… अक्षरमा रु………………………………………

२. परिवारभित्रको रोजगारीको अवस्था

| क्र.सं. | रोजगारवालाको नाम | रोजगारी दिने कार्यालय/संस्था | पद | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३. कार्य अनुभावको विवरण (सीपमा सिकर्मी, डकर्मी, सिमेन्ट पलाष्टर, ज्यामि वा अन्यभए खुलाउने)

| क्र.सं. | काम गरेको संस्था/कार्यालयको नाम | कामको विवरण (के काम गर्नु भएको थियो) | अनुभव वर्ष/महिना | तपाईसंग भएको महत्वपूर्ण सीपहरु |
|---|---|---|---|---|

४. आवेदकले कुन काम गर्नमा रुचि छ उल्लेख गर्नेः

५. बैवाहिक स्थितिः बिवाहित/अविवाहित………… बिवाहित भए छोराको संख्या र छोरीको संख्या (बिवाह गरे छुटिएको छोरा र बिबाहित छोरीको विवरण नराख्नुहोला)

| क.सं. | छोरा/छारीको नाम | उमेर | पढिरहेको भए विद्यालयको नाम/ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

माथि उल्लेखित सम्पुर्ण विवरण ठिक साँचो हो यदी यो व्यहोरा झुठो ठहरिएमा कानून बमोजिम सहूला बुझौला ।

**आवेदक**

<table>
<tr><td colspan="2">औठा छाप</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
</table>

नाम, थर : .........................................

**आवश्यक कागजातहरुः**

१. पासपोर्ट साइजको फोटो एक प्रति

२. नागरिएकाता प्रतिलिपि वा मतदाता नामावलीको प्रतिलिपि

३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

४. अनुभव प्राप्त भए अनुभवको प्रमाणपत्र

**निजि क्षेत्रले श्रम रोजगार बैंकका सदस्यलाई काममा लगाउन चाहेमा भर्नुपर्ने फारम**

आयोजना/कामको नाम :

वडा नं. : आर्थिक वर्ष :

१. आयोजनाको लागि आवश्यक जम्मा श्रमिक संख्या :

| क्र.सं. | श्रमिकको किसिम | जना | दिन सक्ने ज्याला विवरण | कैफियत |
|---|---|---|---|---|
| | दक्ष | | | |
| | अर्धदक्ष | | | |
| | .. | | | |
| | .. | | | |
| | .. | | | |

श्रमिक माग गर्नेको नाम थर :

ठेगाना :

संस्था/कम्पनि :

# प्रसौनी गाउँपालिका
# रोजगार बैंक
# कार्य प्रगति/सम्पन्न प्रतिवेदनको ढाँचा

आयोजनाको नाम :

वडा नं. : आर्थिक वर्ष :

१. आयोजनाको वित्तीय प्रगति :

| क.सं. | आयोजनाको नाम | विनियोजन रकम | खर्च | उपलब्धी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२. आयोजनाको भौतिक प्रगति :

| क.सं. | आयोजनाको नाम | आयोजनाको भौतिक प्रगति (प्रतिशतमा) | |
|---|---|---|---|
| | | | |

३. आयोजना सञ्चालनमा देखिएका समस्याहरु

४. समस्या समाधानका प्रयासहरु

**प्रसौनी गाउँपालिका**
**श्रम रोजगार बैंक**
**श्रमिक ज्याला भुक्तानीको माग फारम**

आयोजनाको नाम :
वडा नं. : आर्थिक वर्ष :

| क्र.सं. | श्रमिकको नाम | काम गरेको दिन संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | कुल जम्मा | |

व्यवस्थापकको नाम :
हस्ताक्षर :
नाम :
मिति :

मुख्य व्यवस्थापकको नाम :
हस्ताक्षर :
नाम :
मिति :

## योजना सम्झौता

प्रसौनी गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बारा (यसपछि पहिलो पक्ष भनिएको) र रोजगार बैंकद्वारा संचालित आयोजना प्रसौनी गाउँपालिकाबीच मिति २०८२। गते .............................. योजना निर्माणको लागि देहायको शर्त अधिनमा रहि सम्झौता गरी एक/एक प्रति सम्झौता बुझि लियौं/दिऔं ।

**पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरु :**

१. रोजगार बैंकलाई आवश्कता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।

२. आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्ने ।

३. सहभागितात्मक अनुगमन मूल्यांकनको लागि सहयोग गर्ने ।

४. पारदर्शी तवरले लेखा राख्ने तथा नियमित रुपमा त्यसको लेखापरीक्षणको व्यवस्था गर्ने ।

५. लेखापरीक्षणबाट देखिएका अनियमितालाई नियमित गराउन आवश्यक पहल गर्ने ।

६. योजना सामाजिक परीक्षणमा भाग लिन मदत पुऱ्याउने ।

७. योजनाको प्राविधिक मूल्यांकन गर्ने गराउने ।

८. योजनामा परिचालन गरिने रोजगार बैंकका समूहलाई तालिम तथा प्रशिक्षण प्रदान गर्ने ।

९.सम्पन्न योजनाहरुको उचित मर्मत सम्भारको लागि कोष तथा व्यवस्थापन पक्षमा सहयोग गर्ने ।

१०. सम्झौतामा उल्लेख भएको म्यादभित्र रोजगार बैंक समूहले आयोजना सम्पन्न गरी सक्नुपर्नेछ । कुनै कारणवश योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा सम्झौताको म्याद थप गर्न सक्नेछ ।

११. योजनामा सहभागी श्रमिकहरुको ज्याला प्राविधिक मूल्यांकन, डोर हाजिर र रोजगार बैंकको सिफारिसको आधारमा सम्वन्धित श्रमिकको खातामा प्रविष्ट गर्नुपर्ने छ ।

१२. आयोजनामा आवश्यक निर्माण सामग्री तथा अन्य लजिष्टक सामानहरु आवश्यक खरिद प्रक्रिया पुऱ्याई रोजगार बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

**दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु**

१. गाउँपालिकासँग भएको सम्झौता भए वमोजिम तोकिएको परिमाण, गुणस्तर र समयमा योजना सम्पन्न गर्नुपर्ने छ ।

२. श्रमिक समूहका सदस्यहरुलाई उच्च मनोवलका साथ परिचालन गरी योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउन पर्नेछ ।

३. औजार निर्माण सामग्रीको समुचित भण्डारण र व्यवस्थापन गर्ने ।

४. आवश्यकता अनुसार श्रमिक समूह र निर्माण सामग्रीहरुको कार्ययोजना बनाई काममा लगाउने ।

५.योजना कार्यान्वयनको क्रममा आएका समस्याहरु आपसमा छलफल गरी समाधान गर्ने ।

६. सम्पन्न भएको कामको नापी एंव रकम तथा निर्माण सामग्रीहरुको आम्दानी खर्च मौज्दातको अभिलेख राख्ने ।

७. गाउँपालिका प्राविधिकहरु बाट भएको नापजाँचको आधारमा पाउने ज्याला कामदारहरुको उनीहरुको काम अनुरुप भुक्तानीको गाउँपालिकामा सिफारिस गरी पठाउने ।

८. अनुगमनकर्ता तथा आगन्तुकहरुबाट प्राप्त सुझावहरुको अभिलेख राख्ने र कार्यान्वयनमा ध्यान दिने

९. सम्बन्धित प्राविधिकहरुलाई योजनाको विभिन्न पक्षहरुको बारेमा अवगत गराउने र अनुगमनका लागि अनुरोध गर्ने ।
१०. नियमित रुपमा अद्यावधिक प्रगति प्रतिवेदन तयार गरी व्यवस्थापक मार्फत गाउँपालिकामा पठाउने ।
११. श्रमिक समूहहरुसँग मासिक रुपमा बैठक बसी नियमित रुपमा योजनाको समिक्षा गर्ने तथा प्रगति विवरण व्यवस्थापक मार्फत गाउँपालिकामा पठाउने ।
१२. निर्माण कार्य सम्पन्न गरी समयमै गाउँपालिकासँग योजनाको हिसाब फछ्र्यौट र फरफारक गर्ने ।


**योजना सम्झौताका अन्य शर्तहरु**

| योजनाको नाम | काम | | श्रमिक समुह |
|---|---|---|---|
| | सुरु गर्ने मिति | सम्पन्न गर्ने मिति | |
| | | | |

हस्ताक्षर :
नाम :
पद :
आयोजना संयोजक
आयोजनाको नाम :
मिति :

हस्ताक्षर :
नाम :
पद : प्रमुख प्रशासकीय अधिकृत
कार्यालय : प्रसौनी गाउँपालिका
मिति :

## कार्यान्वयन गर्ने संरचना




**आज्ञाले,**
नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकिय अधिकृत